आर्थिक बर्ष : २०७९/८०

बैठक संख्या : १३

आज मिति २०८०/०१/११ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थितिः**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख

CamScanner

मिति :२०८०/०१/११

निर्णय नं. १

विरुवा गाउँपालिकाको स्थानीय प्रज्ञा प्रतिष्ठान संचालन नियमावली २०७९ को दफा ६(१) बमोजिम तपसिल सदस्य रहने गरी सिफारिस समिति गठन गर्ने सर्बसहमतिले निर्णय गरियो।

तपसिल :

श्री सूर्य बहादुर कुँवर – अध्यक्ष

श्री भगवती शर्मा – उपाध्यक्ष

श्री मेखराज गुरुङ – सदस्य (दफा ६(१) ग)

श्री कृष्ण बहादुर क्षेत्री – सदस्य (दफा ६(१) ग)

श्री टुक नारायण शर्मा – सदस्य (दफा ६(१) घ)

निर्णय नं. २

विरुवा गाउँपालिकाको आ.व. २०७९/८० को बार्षिक बजेटमा समावेश अपाङ्ग सम्बन्धि कार्यक्रम (रु ३ लाख) बाट विरुवा गाउँपालिका क्षेत्रभित्र रहेका अपाङ्ग (पहेलो र सेतो परिचयपत्र प्राप्त) व्यक्तिहरुको स्वास्थ्य विमा गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ३

विरुवा गाउँपालिकाका बहालवाला जनप्रतिनिधिहरुको कुनै पनि कारणबाट मृत्यु भएमा राहत तथा क्रिया खर्च वापत गाउँपालिका कार्यालयबाट रु ५० हजार उपलब्ध गराउने सर्बसहमतिले निर्णय गरियो। साथै मिति २०७९/१२/०५ गते असामाहिक निधन हुनुभएका वडा नं. ८ का निर्वाचित वडासदस्य मन बहादुर गुरुङको परिवारलाई क्रिया खर्च वापत गाउँपालिका कार्यालयबाट रु ५० हजार उपलब्ध गराउने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ४

विरुवा गाउँपालिकाको आ.व. २०७९/८० को बार्षिक योजनामा समावेश गाउँपालिका स्तरीय फुटकर योजना शिर्षकबाट तपसिल योजनाहरु कार्यान्वयन गर्ने सर्बसहमतिले निर्णय गरियो।

तपसिल :

तिलडाँडा देखी हेगडाँडा जाने मोटरबाटो विरुवा १-रु ४०,०००/-

शेरा सालडाँडा खानेपानी योजना विरुवा ४-रु ३२,०००/-

CS CamScanner

मिति :२०८०/०१/११

लाटापिपल काठेपूल विरुवा ६-रु २०,०००/-

आरुखर्क खानेपानी टंकी मर्मत विरुवा ८- रु १५०००/-

**निर्णय नं. ५**

विरुवा गाउँपालिका क्षेत्रभित्र रहेका अविभावकबिहिन वालवालिकाहरुको पहिचान गरी उक्त वालवालिकाहरुको अविभावकत्व ग्रहण पालिकाले गर्ने र उनीहरुलाई १२ कक्षा सम्मको शिक्षा प्राप्त गर्नका लागि आवश्यक स्टेशनरी, पोशाक लगायत अन्य सहयोग गाउँपालिकाको आ.व. २०७९/८० को बार्षिक योजनामा समावेश वालवालिका सम्बन्धी कार्यक्रमका लागि विनियोजित बजेटबाट गर्ने निर्णय गरियो। साथै आ.व. २०७९/८० को बार्षिक योजनामा समावेश जेष्ठ नागरिक कार्यक्रमबाट गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुलाई लौरो वितरण गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ६**

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निबेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

कुसुन्दे खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति विरुवा ८ (झाक्रिथान खानेपानी मूल)

वेसारडाँडा खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति विरुवा २ (देवीथान खानेपानी मूल)

दारा लिफ्टिङ्ग खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति विरुवा २ (स्यारीखोला खानेपानी मूल)

**निर्णय नं. ७**

विरुवा गाउँपालिका कार्यालयको आ.व. २०८०/८१ का लागि योजना छनौट तथा बजेट निर्माण सम्बन्धि विषयमा जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्न कार्यक्रम खर्च शिर्षकबाट रु १ लाख २५ हजार रुपैया स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner

मिति :२०८०/०१/११

**निर्णय नं. ८**

विरुवा गाउँपालिका भित्रका विभिन्न वडाहरुमा अविरल बर्षा र पहिरोको कारण अबरुद्ध भई प्राविधिक लगत ईस्टीमेट र मूल्याङ्कनका आधारमा तपसिल मोटरबाटोहरु सरसफाईको क्रममा भएको निम्नानुसारको रकम आकस्मिक परिस्थितिजन्य निर्माण उद्धार खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

तपसिल :

- चिसापानी ग्रामीण सडक मर्मत, विरुवा १- रु ११०००/-
- बास्तारा पूलदेखी ललाङ पानधारा सडक मर्मत, विरुवा १ र ८- रु ११८२५/-
- धोवादी सिद्धथान सडक मर्मत, विरुवा ३- रु २४७५०/-
- स्यालडाँडा तोड्के गैरीस्वारा धारापानी सडक मर्मत, विरुवा ८- रु २४२००/-
- ओतर्के उकालो पहिरो सफाई, विरुवा ८- रु ११८२५/-
- बेलघारी रिठेबोट ग्रा.स सफाई, विरुवा ८- रु ६३२५/-

**निर्णय नं. ९**

विरुवा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा न्युनतम रोजगारीमा संलग्न हुनका लागि रितपूर्वक निबेदन पेश गरेका संलग्न बमोजिमका २६७ जना बेरोजगार व्यक्तिहरुको सूची स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner